CHINTAN-DHARA: A Multidisciplinary Peer-ReviewedJournal
VOL-18, pp 72-86, May, 2025
ISSN: 2091-2714
DOI: https://doi.org/10.3126/cd.v18i01.89651
Tribhuvan University Teachers' Association
Campus Unit Committee, Dhankuta Multiple Campus, Dhankuta, Nepal.

# छापामारको छोरो कथामा सांस्कृतिक प्रतिनिधित्व

**अनिल अधिकारी**
Email: aniladhikaribhojpur@gmail.com

**लेखसार**

प्रस्तुत लेख छापामारको छोरो कथामा सांस्कृतिक प्रतिनिधित्वको विश्लेषणमा केन्द्रित छ । गुणात्मक अनुसन्धान पद्धति, पाठविश्लेषणकेन्द्री विधि तथा विवेचनात्मक र विश्लेषण ढाँचामा तयार हुने यस लेखका लागि आवश्यक सामग्री पुस्तकालयबाट सङ्कलन भएका छन् । यस लेखको सैद्धान्तिक आधार सांस्कृतिक अध्ययनअन्तर्गत प्रतिनिधित्व हो । सांस्कृतिक प्रतिनिधित्व साहित्यिक अध्ययनमा पछिल्लो समयमा विकसित भएको एक विशिष्ट अध्ययनपद्धति हो । यसले साहित्यिक पाठको अध्ययन गर्दा त्यसमा प्रस्तुत सांस्कृतिक स्वरूप र समाजमा प्रचलित सांस्कृतिक मूल्यमान्यताको अर्न्तसम्बन्धको अध्ययन गर्दछ । सांस्कृतिक अध्ययन अन्तर्अनुशासनात्मक विषय रहेकाले यसले विभिन्न क्षेत्रबाट अध्ययनको आधार, अवधारणा र पद्धतिहरू ग्रहण गरेको छ । यस लेखमा सांस्कृतिक अध्ययनका बहुआयाम र विविध आधार भए पनि कथामा प्रस्तुत वर्गीय, लैङ्गिक प्रतिनिधित्व, लेखकीय विचारधारा र प्रभुत्वको विश्लेषण भएको छ । नेपाली समाजको वर्गीय स्वरूपलाई प्रतिबिम्बन गर्ने यस कथामा सत्ताविरुद्ध प्रतिरोध र क्रान्तिका वर्गीय नेतृत्वको प्रतिनिधिका स्थानमा परिवारका सदस्यलाई नियन्त्रण र गिरफ्तार गर्ने सत्ता, सत्ताको दमनकारी अङ्गको भूमिकामा प्रहरी प्रशासनले नारीमाथि गर्ने दमनको प्रस्तुति भएको छ । वर्गीय र लैङ्गिक प्रतिनिधित्व सशक्त रहेको प्रस्तुत कथामा शासक र शासित दुबै वर्गको भूमिका शक्तिशाली छ । आरम्भमा दबाबद्वारा र कथान्तमा सहमतीय आधारमा प्रभुत्व स्थापित गर्न खोजिएको छापामारको छोराका क्रियाकलापको अवलोकनबाट समाख्याताको मनमा छापामारप्रति उब्जिएको परिवर्तित दृष्टिकोणले ज्ञानउत्पादनमा सहयोग पुऱ्याएको लेखकीय दृष्टिकोण तटस्थ नरहेको विषयमा विमर्श भएको छ ।

*शब्दकुञ्जी* : प्रतिरोध, प्रभुत्व, विचारधारा, सामाजिक संरचना, सीमान्तीय

[8] लेखक नेपाली विषयमा महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

### विषयप्रवेश

प्रस्तुत लेख महेशविक्रम शाह (२०२२) को 'छापामारको छोरो' कथाको सांस्कृतिक प्रतिनिधित्वको विश्लेषणसम्बद्ध छ । प्रस्तुत कथाका रचयिता वि सं २०३७ सालमा 'आमा' शीर्षकको कथा लेखेर नेपाली कथासाहित्यमा प्रवेश गरेका शाहका *सटाहा* (२०५३) *सिपाहीकी स्वास्नी* (२०५९) *अफ्रिकन अमिगो* (२०६०), *छापामारको छोरो* (२०६३), *काठमाडौंमा कमरेड* (२०६५), *ज्याक्सन हाइट* (२०६९) र *भुँइखाट* (२०७४) कथासङ्ग्रह प्रकाशित छन् । उनको *छापामारको छोरो* कथासङ्ग्रहले शाहलाई २०६३ सालको मदन पुरस्कार दिलाएको हो । यही कथासङ्ग्रहमा *छापामारको छोरो* कथा सङ्गृहीत छ । जागीरे जीवनका क्रममा द्वन्द्वप्रभावित क्षेत्रमा रहेर युद्धले निम्त्याएका विभीषिकाको सूक्ष्म अवलोकन गर्ने मौका पाएका शाहले आफ्ना कथामा समकालीन चेतनालाई मुखरित गरेका छन् । प्रस्तुत 'छापामारको छोरो' युद्ध कथासङ्ग्रहका रूपमा प्रकट भएको कथा हो (शाह, २०६४, पृ. ञ) । प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत अधिकाङ्श कथामा नेपाली जनमानसले दशबर्षे जनयुद्धमा देखेका, भोगेका, सुनेका, बुझेका, यथार्थलाई प्रस्तुत गरेको छ । उनले द्वन्द्व प्रभावित स्थलमा रहेर जनताका पीडा, व्यथा, छटपटी, त्रास, क्रन्दन, आँसु, सुस्केरा बुझी दोहोरो मारमा परेर निरीह बनेका जनताका पीडा र मर्मलाई कथामा प्रतिबिम्बन गरेका छन् ।यस सङ्ग्रहका हरेक कथामा आम नागरिकका आँसु छचल्किएका छन्, देशका दुःख, कष्ट र यातना व्यक्त भएका छन् । उनको यस सङ्ग्रहमा सङ्गृहीत कथाले देशले भोगेको एक दशक लामो द्वन्द्वले सर्वसाधारणको मानसिकतामा पारेको अभिघातलाई मार्मिक र जीवन्त रूपमा चित्रण गरेका छन् । कथामा द्वन्द्वकालीन समाजको त्रसित तथा प्राणहीन परिवेशको चित्रण भएको छ । युद्धजन्य मानसिक पीडा र सन्त्रासको चरम रूपको अभिघातपूर्ण स्थितिलाई अभिव्यक्त गर्ने क्रममा छापामारको छोरो कथाको समाख्याताले थुनामा रहेकी छापामारकी पत्नी र उसका छोराको निगरानी गर्ने क्रममा छापामारका छोराको क्रियाकलाप देखेपछि उत्पन्न अनुभव र अनुभूतिले छापामार रक्तपिपासु हुन्, हिँस्रक हुन् भन्ने ज्ञानको उत्पादन भएको पक्ष प्रस्तुत गरेको छ । युद्धकालीन परिवेशलाई जीवन्त रूपमा चित्रण गरिएको यस सङ्ग्रहका हरेक कथामा आम नागरिकका आँसु छचल्किएका छन्, देशका दुःख, कष्ट र यातना अभिव्यक्त भएका छन् । प्रस्तुत 'छापामारको छोरो' कथा सांस्कृतिक अध्ययनका अधिकतर प्रतिमानका आधारमा अध्ययनीय रहेको विषयलाई यस कथाका सम्बन्धमा भएका पूर्वाध्यायनको समीक्षा गरी शोधअन्तराल स्थापित गर्नु उपयुक्त ठहर्दछ ।

प्रस्तुत कथाका सम्बन्धमा लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी (२०६९) ले 'नेपाली कथाको इतिहास' शीर्षक पुस्तकमा 'छापामारको छोरो' कथासङ्ग्रहका कथाहरू नेपालको इतिहासका दुर्दान्त व्यवस्थाका अभिव्यक्ति, मुत्यु र रक्तपर्वका त्रासदिका बिम्बबाट सिर्जिएका रचनाका साथै छापामार जीवनशैली र सरकारी परिवेशका परिघटनाका कारण अभिघात छचल्किने द्वन्द्वकालीन समयमा तिनले समाजमा पारेको प्रभाव जीवन्त रहेको विषयमा विमर्श भएको छ । दयाराम श्रेष्ठ (२०७०) ले 'नेपाली कथा र कथाकार' पुस्तकले छापामारको छोरो कथा युद्धका दृश्य, घटना र सन्त्रस्त मानसिकताद्योतन गर्ने द्वन्द्वकालीन परिवेश र त्यो परिवेशले सिर्जना गरेको लडाकु, राज्य पक्ष र जनसाधारणको मानसिकतामा पारेको प्रभाव र समग्र परिवेशको प्रस्तुति भएको रचनाका रूपमा व्याख्या गरेको छ । गोविन्दराज भट्टराई (२०७१) को उत्तरआधुनिक विमर्श पुस्तकमा युद्धकालमा प्रहरी, सेना र प्रशासनिक संयन्त्रको

मानसिकतालाई चित्रण गर्ने प्रस्तुत कथामा नेपाली जनमानसमा सृजित युद्धको अभिघात र त्यसले सिर्जना गर्ने भयको प्रभावको प्रस्तुति पाइने दृष्टिकोण प्रस्तुत गरेको छ । ताराकान्त पाण्डे (२०७३) को 'छापामारको छोरो कथामा विश्वदृष्टि' शीर्षकको लेखमा कथामा कथाकार जतिसुकै तटस्थ रहने प्रयत्न गरे पनि तटस्थ रहन नसकेको निष्कर्ष प्रस्तुत भएको छ । यस लेखले सशस्त्र द्वन्द्व तथा दशबर्षे युद्धको कारकका रूपमा विद्रोही पक्षको आत्मगत चेतना र राज्यको विभेदपूर्ण एवं उत्पीडनकारी चरित्र दुबैको निरपेक्ष ढङ्गले विश्लेषण गरिनुपर्ने धारणा प्रस्तुत गरेको छ । यस कथाका सम्बन्धमा भएका उपर्युक्त प्रतिनिधि पूर्वकार्यले वर्गीय प्रतिनिधित्व, प्रभुत्व, अर्थको उत्पादन र लेखकीय विचारधाराको अध्ययन गर्नसकिने रिक्ततासहित थप अध्ययनको लागि मार्गनिर्देश गरेको छ । उपर्युक्त पूर्वकार्यका आधारमा प्रस्तुत कथा सांस्कृतिक अध्ययनका लागि उर्वर सामग्री रहेको रिक्तताको पुष्टि हुन्छ ।

अन्तर्अनुशासनात्मक विषयका रूपमा रहेको सांस्कृतिक अध्ययनको क्षेत्र ज्यादै फराकिलो रहेको छ । सांस्कृतिक प्रतिनिधित्व पाठमा प्रयोग भएका भाषिक सङ्केतका आधारमा सामाजिक संरचनामा वर्ग, जाति, लिङ्ग, क्षेत्र, भूगोल, भाषा, स्थानीय संस्कृति, राजनीति, विचारधारा, सामाजिक र सत्तासम्बन्ध, लेखकीय विचारधारा, सांस्कृतिक विचारधारा, प्रभुत्य, प्रतिरोध, प्रतिप्रभुत्व तथा यी विषयसँग सम्बन्धित द्वन्द्वात्मक सम्बन्धको अध्ययन गर्ने अनुशासन हो । प्रतिनिधित्व सांस्कृतिक अध्ययनको बृहत्तर छाताभित्रको एक अनुशासन हो । समाज र सामाजिक संरचनामा विद्यमान सत्ता-अधीनस्थता र शक्तिसम्बन्धका आधारमा सांस्कृतिक प्रतिनिधित्व र त्यसको प्रक्रिया कसरी निर्माण भएको छ भन्ने विषय यसमा गरिन्छ । यस लेखमा छापामारको छोरो कथामा सांस्कृतिक प्रतिनिधित्वअन्तर्गतका वर्गीय र लैङ्गिक प्रतिनिधित्वि, लेखकीय विचारधारा र प्रभुत्वका कोणबाट विश्लेषण भएको छ।

**समस्याकथन**

प्रस्तुत अध्ययनको  मुख्य समस्या छापामारको छोरो कथामा सांस्कृतिक प्रतिनिधित्व हो । सांस्कृतिक प्रतिनिधित्वले संस्कृतिलाई अर्थहरूको निर्माण र वितरणको एक प्रणालीका रूपमा हेर्छ । यस अध्ययनमा मुख्य समस्यासँग सम्बन्धित शोध्यप्रश्नहरू निम्नानुसार रहेका छन् :

(क) 'छापामारको छोरो' कथामा प्रतिनिधित्वको अवस्था के कस्तो छ ?

(ख) 'छापामारको छोरो' कथामा प्रभुत्व र प्रतिरोधलाई कसरी प्रस्तुत गरिएको छ ?

(ग) 'छापामारको छोरो' कथामा विचारधारा किन प्रस्तुत गरिएको छ ?

प्रस्तुत लेख 'छापामारको छोरो' कथामा सांस्कृतिक अध्ययनको विश्लेषण र अर्थापन गर्ने समाधानमा केन्द्रित छ । लेख सांस्कृतिक अध्ययन अन्तर्गतका प्रतिनिधित्व, प्रभुत्व, प्रतिरोध र विचारधाराका साथै तद्विषयक प्रायोगिक पक्षको प्राज्ञिक औचित्य पुष्टि गर्ने उद्देश्यमा केन्द्रित छ । सांस्कृतिक अध्ययनका उपर्युक्त विषयसंबद्ध सैद्धान्तिक पक्षका आधारमा विश्लेषण गरिने यस लेखले 'छापामारको छोरो' कथाका माध्यमबाट भावी अध्येताका लागि मार्गनिर्देश गर्ने प्राज्ञिक उद्देश्यको परिपूर्ति गरेको छ । 'छापामारको छोरो' कथाको सांस्कृतिक अध्ययनमा केन्द्रित हुनु यस लेखको क्षेत्र हो भने अन्य क्षेत्रमा प्रवेश नगर्नु सीमा हो ।

## शोधविधि

### सामग्री सङ्कलन र विश्लेषणविधि

प्रस्तुत लेखको समस्यासँग सम्बन्धित सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । यस अध्ययनका सामग्री प्राथमिक र द्वितीयक दुबै स्रोतका रहने छन् । प्राथमिक स्रोतको सामग्रीका रूपमा महेशविक्रम शाहको ‘छापामारको छोरो’ कथा रहेको छ भने द्वितीयक स्रोतको सामग्रीका रूपमा कथाका बारेमा लेखिएका विभिन्न लेख, अनुसन्धानात्मक ग्रन्थ, समालोचना तथा पुस्तक तथा सीमान्तीय अध्ययनसँग सम्बन्धित अनुसन्धानात्मक लेख, ग्रन्थ,पुस्तक आदि रहेका छन् । प्रस्तुत अध्ययनमा सामग्री विश्लेषणका लागि पाठविश्लेषणमा आधारित गुणात्मक पद्धतिको उपयोग भएको छ । यस लेखमा सीमान्तीय अध्ययनका लागि आवश्यक पर्ने सिद्धान्तले अघिसारेका आधारभूत प्रस्थापनहरूलाई आधार बनाइएको छ । सामग्री विश्लेषणका क्रममा व्याख्यात्मक र विश्लेषणात्मक विधिको पनि प्रयोग भएको यस लेखको सैद्धान्तिक आधार सांस्कृतिक प्रतिनिधित्व हो ।

### सैद्धान्तिक आधार

सांस्कृतिक अध्ययनको आरम्भ बेलायतमा सन् १९६४ मा बर्मिङघम विश्वविद्यालयको स्थापना भएपछि भएको हो । यसका प्रवर्तक रिचार्ड होगार्ट, रेमण्ड विलियम्स, इ.पी. थम्सन र स्टुआर्ट हल हुन् । अर्थ व्यवस्थाले जस्तै संस्कृतिले पनि जनताको पहिचानको आकार दिन्छ भन्ने अवधारणा लिएर सांस्कृतिक अध्ययनपद्धतिको विकास भएको हो । बेलायती सांस्कृतिक अध्ययन मूलत : बामचिन्तनतर्फ ढल्केको छ । यस धारको विकासमा इटालेली चिन्तक एन्टिनियो ग्राम्चीको प्रभुत्व, स्टुआर्ट हलको प्रतिनिधित्व र अर्थको उत्पादन, संरचनावादी चिन्तक लुइस आल्थुसरको विचारधाराले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । सांस्कृतिक अध्ययनको अर्को प्रभावशाली धार अमेरिकी सांस्कृतिक चिन्तकहरूले विकास गरेका छन् । यसको आरम्भ सन् १९८० को दशकपछि भएको हो । यसले साहित्यको सांस्कृतिक विश्लेषणमा साहित्यिक कृतिलाई पाठका रूपमा लिएर त्यसमा अन्तर्निहित शक्तिसम्बन्धको खोजी गरी परिधीय शक्तिको पहिचान, प्रतिनिधित्व र प्रतिरोधको अवस्थाको खोजी गर्दछ । बेलायती सांस्कृतिक अध्ययनका अध्येता नवमार्क्सवादी चिन्तक रेमण्ड विलियम्सले संस्कृतिलाई एउता खास किससमको जीवनपद्धतिको विवरण हो भन्दै यसले कला र सिकाइलाई मात्र नभई संस्थाहरू र सामान्य व्यवहारमा निश्चित अर्थ र मूल्य व्यक्त गर्दछ (पाण्डे, २०७३, पृ. ५५) भन्दछन् । विलियम्सले संस्कृतिलाई सामाजिक गतिविधिका हरेक रूपमा निहित हुने बताउँदै यसको विश्लेषणले त्यसमा निहित अर्थ र मूल्यको बोध गराउँछ भन्दछन् ।

प्रतिनिधित्व भनेको भाषाका माध्यमबाट अरूलाई कुनै अर्थपूर्ण कुराका बारेमा बताउनु हो अथवा संसारलाई अर्थपूर्ण ढङ्गले व्यक्त गर्नु नै प्रतिनिधित्व हो (हल, सन् १९९७, पृ.१५) । हलका विचारमा भाषा र अर्थलाई संस्कृतिसँग जोड्ने काम नै प्रतिनिधित्व हो । अझ प्रस्ट रूपमा भन्नुपर्दा भाषाका माध्यमबाट हाम्रो दिमागमा भएका अवधारणाहरूको अर्थको उत्पादन गर्नु नै प्रतिनिधित्व हो । प्रतिनिधित्वलाई त्यस्तो प्रक्रिया मानिन्छ, जसको माध्यमबाट एउटा संस्कृतिका सदस्यले कुनै अर्थ उत्पादनका लागि भाषाको प्रयोग गर्छ । अर्थको उत्पादन गर्नु भनेको कुनै कुरालाई कुनै तरिकाले

चिनाउनु हो । अथवा दिमागमा कुनै वस्तुको भाषिक बिम्ब बनाउनु हो । कुनै कुरालाई प्रतीकात्मक रूप दिनु हो । खासमा मान्छेको दिमागमा हरेक व्यक्ति, वस्तु वा घटनाहरू अवधारणाका रूपमा रहन्छन् । यसको अर्थ त्यस्ता व्यक्ति, वस्तु, भाव वा घटना, क्रियाहरूको मानसिक रूपमा मात्र प्रतिनिधित्व हुन सक्छ । उदाहरणका लागि 'कलम' भन्दा हाम्रो मस्तिष्कमा वास्तविक कलम नै होइन, त्यसको एउटा बिम्ब मात्र उदाउँछ र यस्तो अवधारणा वा बिम्ब अमूर्त कुराहरूको पनि बन्दछ । यसरी भाषा, अर्थ र समाज वा संस्कृतिसँग प्रतिनिधित्वको साइनो खोज्ने कामबाट के कुरा प्रस्ट हुन्छ भने प्रतिनिधित्व खासमा सांस्कृतिक अध्ययनको केन्द्रीय विषय हो ।

केन्द्रीकृत शक्तिले स्थापित गरेको विचारधारा र किनारामा रहेका सीमान्तीकृत वर्गको विचारधाराको प्रस्तुति पाठमा के कसरी कुन रूपमा गरिएको छ भन्ने अध्ययन प्रतिनिधित्वले गर्दछ । पाठमा प्रतिनिधित्वको खोजी गर्दा मूलधारको संस्कृतिबाट सीमान्तीकृत जाति, वर्ग र लिङ्गको उपस्थिति के कसरी गरिएको छ र तिनीहरूमा प्रतिरोधको अवस्था के कस्तो छ भन्ने विषयको खोजी गरिन्छ । यो सांस्कृतिक अध्ययन बिसौँ शताब्दीको उत्तरार्द्धमा विकसित ज्ञानको त्यस्तो शाखा हो, जहाँ अनेक ज्ञानक्षेत्रका विषयहरूमाथि एकै साथ विमर्श गर्न सम्भव हुन्छ । त्यसबाट के स्पष्ट हुन्छ भने सांस्कृतिक अध्ययन अन्तर्अनुशासनात्मक ज्ञान शाखा (गिरी, २०७०, पृ. १२) हो । यसमा अर्थको निर्माण कसरी गरिन्छ भन्ने कुराको अध्ययन गरिन्छ । संस्कृति भनेकै संसारलाई, सांसारिक व्यवहारलाई वा वस्तुहरूलाई कुनै विशेष अर्थ दिने तरिका वा पद्धति हो । यस्तो अर्थ कुनै व्यक्ति एक्लैले गर्न सक्दैन । त्यस्तो अर्थ त समाजका साझा अभ्यासबाट प्राप्त हुन्छ वा साझा अवधारणाका रूपमा अर्थको निर्माण हुन्छ । त्यसैले मान्छेले यसलाई साझा रूपमा बुझ्छन् । उत्तरसंरचनावादी सांस्कृतिक अध्येता लक्लाउ र मुफका विचारमा संस्कृति अर्थको उत्पादन, उपभोग र प्रसारणको अध्ययनसँग सम्बन्धित भएको कुरा डा. ताराकान्त पाण्डेयले बताएका छन् (पाण्डेय, २०७०, पृ. १७४) । हलले प्रतिनिधित्वसम्बन्धी तीन किसिमका सिद्धान्तहरू अघि सारेका छन्– (क) दर्पणवादी सिद्धान्त, (ख) अभिप्रायमूलक सिद्धान्त र (ग) निर्माणवादी सिद्धान्त (हल, सन् १९९७) । दर्पणवादी सिद्धान्तले व्यक्ति, वस्तु, घटनामै अर्थ हुन्छ र भाषाले ती अर्थहरूलाई ऐनाले जस्तै परावर्तन मात्र गर्छ भन्ने मान्छ । अभिप्रायमूलक सिद्धान्तले चाहिँ अर्थ त वक्ताद्वारा लगाइएको हुन्छ अथवा वक्ताले नै अर्थ लगाउँछ र त्यस्तो अर्थ ग्रहणकर्तामाथि लाद्छ । निर्माणवादी सिद्धान्तले चाहिँ के मान्छ भने भाषाले सोझै अर्थ दिँदैन, तर भाषामा त्यस्तो व्यवस्था हुन्छ जसका माध्यमबाट ज्ञाननिर्माण हुन्छ ।

निर्माणवादी सिद्धान्तका पनि दुई ओटा हाँगा छन् - प्रतीकवादी र सङ्कथनात्मक । प्रतीकवादी सिद्धान्त संरचनावादी सस्युरको सङ्केतक र सङ्केतितको द्विचर सम्बन्धमाथि आधारित छ । सङ्केतक कुनै कुरालाई बुझाउन प्रयोग भएको भाषिक एकाइ हो भने त्यस्ता भाषा एकाइले जे (व्यक्ति, वस्तु, भाव, घटना आदि) लाई बुझाउँछ त्यो सङ्केतित हो । कुनै कुरालाई बुझाउन प्रयोग गरिने यस्ता सङ्केतकहरू यादृच्छिक वा परम्परागत हुन्छन् भन्ने मान्यता प्रतीकवादीहरूको रहेको छ तर मिसेल फुकोका मतमा अर्थ सङ्कथनबाट निर्माण ,हुन्छ अथवा भाषिक विमर्शबाट अर्थको निर्माण हुन्छ । सामान्यतया सत्ताले कुनै कोड तयार पार्छ र त्यसलाई सङ्कथनमार्फत् अरूसामु पुऱ्याउँछ । अरूले त्यसलाई विमर्शबाटै डिकोडिङ गरी अर्थ बुझ्छन् । यसरी फुको के भन्छन् भने सङ्कथनभन्दा बाहिर कुनै

पनि कुराको अर्थ हुँदैन । फुकोको यही विचारमाथि टेकेर स्टुआर्ट हल भन्छन्– संस्कृति केबल वस्तुहरू अर्थात् उपन्यास, टिभी कार्यक्रम, प्रहसन आदिको व्यवस्था मात्र होइन, यो एउटा प्रक्रिया, व्यवहारहरूको व्यवस्था हो । प्राथमिक रूपमा यो अर्थको उत्पादन र विनिमय अर्थात् अर्थहरूको आदान प्रदान हो ( पाण्डेय, २०७०, पृ. १७४) । साहित्यमा प्रतिनिधित्वको खोजी पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा, संस्थाहरू र अर्थतन्त्रका आधारमा गरिन्छ भन्ने सांस्कृतिक समालोचक रमेशप्रसाद भट्टराईको विचार रहेको छ । उनले प्रतिनिधित्वका सम्बन्धमा के भन्छन् भने सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्व हो । साहित्यमा उपस्थित चरित्रहरूबाट नै प्रतिनिधित्वको खोजी गर्ने कार्य सम्भव हुन्छ (भट्टराई, २०७०, पृ. ३३६) । यसबाट के स्पष्ट हुन्छ भने पाठमा प्रयुक्त पात्रहरूको विश्लेषणबाट प्रतिनिधित्वको स्थितिको निर्क्योल गर्न सकिन्छ ।

विचारधारा मानवीय सामाजिक सांस्कृतिक संरचनासँग जोडिएको विषय हो । यो यथार्थको काल्पनिक पुनसिर्जनका रूपमा आउँछ । किनारीकृत वा परिधिमा रहेका वर्ग ,जाति र लिङ्गले शक्तिका कारण सत्तामा रहेको वर्ग, जाति र लिङ्गका क्रियाकलापप्रति असहमति जनाउँदै उनीहरूलाई विस्थापित गरी आफू शक्तिमा आउन गरेको प्रयत्न वा सङ्घर्षलाई प्रतिरोध भनिन्छ । मिसेल फुकोका अनुसार जहाँ शक्तिको अभ्यास हुन्छ, त्यहाँबाट त्यसको प्रतिकारको संभावना पनि साथसाथै मौलाउँछ (उप्रेती, २०६९, पृ.४२३) । जब केन्द्रीकृत प्रभुत्वशाली व्यक्ति, वर्ग, वा संस्थाले सत्ता र शक्तिको दुरूपयोग गर्छ तब किनारीकृत शक्ति अधीनस्थ वा उत्पीडित हुन पुग्छ र उसले त्यसको भौतिक वा वैचारिक रूपमा विद्रोह गर्छ, यही विद्रोहलाई प्रतिरोध भनिन्छ। प्रतिरोध सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षासँग आधारभूत रूपले सम्बन्धित हुन्छ ।.यो अधीनस्थ सामाजिक घटना, परिघटनाबाट सिर्जित हुन्छ (बार्कर, २००८, पृ.४५४) । समाज वा परिवारमा शक्ति वा प्रभुत्व कायम गर्ने शक्तिले अधीनस्थ वर्गलाई विभेद, शोषण, दमन गरी उत्पीडमा पुऱ्याउँछ त्यो अवस्थामा किनारीकृत दमित, शोषित र उत्पीडित व्यक्ति वा वर्गले उत्पीडका विरूद्द आवाज उठाउँछन्, यही आवाज नै प्रतिरोध हो ।

सांस्कृतिक शक्ति, प्राप्ति र रक्षाका लागि गरिने संघर्ष प्रतिरोध हो । फुकोले शक्तिको अभ्याससँगसँगै प्रतिरोधको अभ्यासलाई हेरिनुपर्ने अवधारणालाई सञ्जीव उप्रेतीले यसरी प्रस्तुत गरेका छन् -"जहाँ शक्तिको अभ्यास देखा पर्छ त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ । त्यसैले शक्तिको अभ्याससँगसँगै प्रतिरोधलाई पनि हेरिनुपर्छ (उप्रेती, २०६९, पृ.४३) ।" यसरी प्रभुत्वशाली दमनकारी संस्कृतिले शक्तिको अभ्यास गर्दा त्यहाँ उत्पीडनमा परेको परिधीय संस्कृतिले प्रतिरोध गर्दछ भनी फुकोले शक्ति र प्रतिरोधबीचको सम्बन्धलाई प्रष्ट पारेका छन् । समाजमा शक्ति सम्पन्नले प्रभुत्वका कारण परिधीय शक्तिमाथि दमन कायम गरेको हुन्छ भन्ने मत ग्राम्चीले प्रकट गरेका हुन् । उनका अनुसार परिधीय समुदायलाई शासित हुनुमै मेरो कल्याण छ भन्ने धारणालाई केन्द्रीय संस्कृतिले अन्तरिकीकरण गराएको हुन्छ । मार्क्सवादी संरचनावादी दार्शनिक अल्थुसरले राज्यको दमनकारी तथा आइडोलोजिकल संयन्त्र जति नै शक्तिशाली भए पनि विद्रोह र विरोधको सम्भावना भने रही रहन्छ भन्दै उनले कुनै पनि व्यक्ति सधैका निम्ति हेजेमोनाइज्ड भईरहन सक्दैन (उप्रेती, २०६९, पृ.१८१) भन्दछन् । यसरी परिधीय रूपमा रहेको व्यक्ति वा समुदायले प्रतिकार गर्ने सम्भावना भइरहन्छ ।

उक्त प्रतिरोध भावनात्मक र क्रियात्मक दुवै रूपमा प्रकट हुन सक्छ । सांस्कृतिक अध्ययनका संस्थापक रेमण्ड विलियम्सले भवितामुखी संस्कृतिको चर्चा गर्ने क्रममा प्रभुत्व र त्यसको विरूद्धमा प्रतिरोधी चेतना कसरी प्रकट हुन्छ भन्ने कुरा प्रस्तुत गरेका छन् । साहित्यमा उपेक्षित वर्ग नारी, समलिङ्गी, शोषित, श्रमिक वर्ग, शासकबाट पीडित बनेको हुन्छ । प्रतिरोध समाजमा पहुँच प्राप्तिका लागि विद्यमान असमान शक्ति सम्बन्ध, भेदभाव र शोषणका विरूद्ध हुन्छ ।

## नतिजा र विश्लेषण

प्रस्तुत 'छापामारको छोरो' कथा सशस्त्र युद्धको परिवेशसँग सम्बन्धित छ । यो कथा देशमा दशबर्षे जनयुद्धका समयमा छापामारको मानसिकतामा उत्रेको विनाशलीलाको पृष्ठभूमिमा संरचित छ । यसका साथै सो अवधिमा छापामारप्रति राज्यपक्षको व्यवहार, प्रहरीहरूको दृष्टिकोण, आशङ्का र उनीहरूको मनोभावलाई यस कथामा समख्याताको एकालापीय अभिव्यक्तिबाट प्रस्तुत गरिएको छ । छापामारकी पत्नीलाई युद्ध कालमा सन्देशबाहक बनेर धेरै काम गरेको प्रमाण भेटाएर थुनामा राखिएको छ । प्रहरीले उसको निगरानी गर्छ । उसको छोरो सानो भएपनि प्रहरी प्रशासनलाई छापामारका क्रियाकलाप प्रस्तुत गरी भय उत्पन्न गराउन सक्षम छ । उसले छापामारले गर्ने सबै क्रियाकलापहरू आक्रमण गर्ने ,भाग्ने, पल्टिने, लुक्ने, इशारा गर्ने गर्दछ । पेस्तोल र राइफल पनि आफ्नो बाबासँग भएको कुरा बताउँछ । समाख्याताले बच्चाको अनुहारमा उसको बाबुको क्रुरता र हिंसात्मक प्रवृति खोज्न थाल्छन् । उनले छापामारको छोराका क्रियाकलापका माध्यमबाट विद्रोहीले चुनौती दिएको कल्पना गर्छन् । त्यसैले यस कथामा हिंसात्मक नेपाली पर्यावारणलाई आख्यानीकरण गरिएको छ । कथाको अन्त्यमा समाख्याताको मनोजगत्मा परिवर्तन आउँछ र आफ्नो छोरा र छापामारको छोराको निश्छल क्रियाकलापमा भेद नपाएपछि मनोजगत्मा पुनः आदर्श भाव जाग्छ र साइकल चलाउने अवसर नपाउँदाको छापामारको छोराको क्रियाकलाप अवसर पाएपछिको अवस्थालाई तुलना गरी समान अवसर पाए मान्छे विद्रोही बन्दैनथे होला भन्ने सन्देश लेखकीय विचारधाराका माध्यमबाट अभिव्यक्त भएको छ । कथामा पहाडी जिल्लाको प्रहरी कार्यालय परिसर, त्यहाँका सिपाही, थुनुवा छापामारकी श्रीमती, नाबालक छोरो आदि पात्रका रूपमा आएका छन् । यस कथामा समाख्याताको मुख पात्रका रूपमा उपस्थित समाख्याताले छापामार प्लाटुन कमान्डर रक्तबीज, उसकी श्रीमती र छोराको सम्भावित शारीरिक तथा मानसिक अवस्थाको कल्पना गर्दै तत्कालीन राज्य पक्ष र छापामार पक्षको द्वन्द्वमय अवास्थाको चित्रण काल्पनिक रूपमा गरेको छन् । वास्तवमा यस कथाको केन्द्रीय पात्र छापामारको छोरो नै हो । उसका क्रियाकलाप र अभिव्यक्तिको केन्द्रीयतामा कमान्डरका मानसिकतामा अनेकौ भाव जागृत भएका छन्, यसै आधारमा उनले अनेकौ सम्भावना कल्पना गरेको छन् । यही पृष्ठभूमिमा कथामा प्रभुत्व स्थापना भएको छ । कथामा अभिव्यक्त यिनै सन्दर्भका माध्यमबाट लेखकीय विचारधाराको विश्लेषण र ज्ञानको उत्पादन गर्ने आधार तयार भएको छ । यसका साथै कथामा छापामार वा विद्रोही शक्तिको विद्रूपीकरण गरिएको भाव आख्यानका रूपमा आएका हुनाले आख्यान र शीर्षकीय सन्दर्भ उपयुक्त छ । प्रस्तुत कथामा अभिव्यक्त सांस्कृतिक प्रतिनिधित्वको विश्लेषण वर्गीय र लैङ्गिक प्रतिनिधित्व, लेखकीय विचारधारा र प्रभुत्वको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

**छापामारको छोरो कथामा वर्गीय प्रतिनिधित्व**

प्रतिनिधित्वका दृष्टिले विश्लेषण गर्दा यस कथामा मूलतः वर्गीय (शासक र शासित दुई वर्गको) उपस्थिति रहेको छ । कथामा समाख्याता शासक वर्गको प्रतिनिधि हुन् भने छापामारको छोरो शासित वर्गको प्रतिनिधि पात्र हो । कथामा अबोध बालपात्र छापामारको छोरो प्रमुख पात्रका रूपमा रहेको छ । कथामा यसलाई केन्द्र बनाएर हेर्दा यो पात्र शासन सत्ता परिवर्तन गर्न चाहने विद्रोही पक्षको प्रतिनिधि चरित्रका रूपमा उपस्थित छ । समाख्याता केन्द्र वा राज्य पक्षको प्रतिनिधि चरित्रका रूपमा उपस्थित भएका छन् । उनले विद्रोही पक्षको प्रतिनिधि चरित्रका रूपमा रहेको छापामारको छोराका क्रियाकलापका माध्यमबाट छापामारप्रतिको दृष्टिकोणलाई मनमनै कल्पना गरेका छन् । आमासँगै जेल परेको छापामारको छोराले खेल्ने क्रममा जेलको आँगन आफ्नो आँगनमा फरक पाउँदैन । ऊ बन्दीगृहको आँगनलाई आफ्नै घरको आँगन जस्तो ठानेर निडर, निर्भीक, निश्चिन्त, निश्छल भएर खेलेको घटनाले शोषक वर्गको प्रतिनिधि पात्र सुरक्षा फौजका कमाण्डरका मनमा उत्पन्न भावलाई यसरी प्रस्तुत गरिएको छ :

> त्यो बालक उफ्रिरहेको छ, हाँसिरहेको छ र आफ्नै धुनमा आँगन वरिपरि चक्कर मारिरहेको छ । आफ्को गाउँको आँगन र आफ्नी आमा थुनिएको घरको आँगनबीच उसले भिन्नता पाउन सकेको छैन । छापामारका छोराको निडर, निश्छल, निर्भिक र निश्चिन्त बालक्रियाकलापबाट म मनमनै आन्दोलित हुन थाल्छु । यस बजियाले हाम्रो आँगनलाई पनि आफ्नो छापामार बाबुको बपौति ठानेको छ कि क्या हो । मेरा आँखामा क्रुरताका भावहरू उम्रेका छन् । सुरक्षा फौजका कमाण्डरका अगाडि विद्रोही छापामारका छोराले निर्धक्क आफ्नो बाललीला प्रदर्शन गर्नु र उसको बाबुले राइफल तर्साएर ममाथि आक्रमण गर्नु भनेको समान कार्य हो जस्तो लाग्छ मलाई (शाह, २०६४, पृ.४९) ।

प्रस्तुत साक्ष्यमा अधीनस्थ वर्गको प्रतिनिधित्व गर्ने छापामारको छोराको निश्चिन्त क्रियाकलाप आफ्नो प्रभुत्व जमाउने शासक वर्गको प्रतिनिधि सुरक्षा फौजका कमाण्डरलाई मन परेको छैन । यस साक्ष्यले समयको प्रवाहसँगै अब शासित (विद्रोही ) वर्ग निडर भएर लक्ष्य प्राप्तिको लागि अगाडि बढेको विषयलाई सङ्केत गरेको छ । अबोध बालक छापामारको छोरालाई समाख्याताले प्लाटुन कमाण्डर रक्तबीजको प्रतीक ठान्छन् र उसका क्रियाकलापलाई पनि बाबुकै क्रियाकलाप ठान्छन् । छापामारको छोराको क्रियाकलापलाई देखेर उनको मन आन्दोलित हुनु, मनमनै उसलाई गाली गर्नु र निर्धक्कसँग यस्ता क्रियाकलाप देखाउनु भनेको मलाई उसको पिताले आक्रमण गर्नु समान हो भन्नुले समाख्याता सत्ताको शक्ति हातमा लिएको शासक वर्गको प्रतिनिधि पात्र हुन् भन्ने विषयलाई पुष्टि गरेको छ । बालक्रियाकलापलाई देख्दा उनमा क्रुरता जाग्नु र उसमा उसका पिताको प्रतिबिम्ब अङ्कित गर्नुले सत्ता र शक्तिको आडमा किनारीकृत वर्गलाई अधीनस्थ गर्ने केन्द्रीकृत पात्रको प्रतिनिधि पात्र हुन् समाख्याता । पाठमा बालपात्र निश्चिन्त भएर खेलेको घटनाले शासित वर्गको क्रियाशीलतालाई सङ्केत गरेको छ । कथामा समाख्याता लेखकको मुख पात्र बनी राज्य पक्षको प्रतिनिधि बनेर रहेका छन् र उनैका माध्यमबाट लेखकीय विचारधारा अभिव्यक्त भएको छ ।

कथामा छापामार (नेपथ्यगत),उसकी श्रीमती र उनीहरूका विचारको प्रतिनिधित्व गर्ने छोरो किनारीकृत, सीमान्त वर्गका प्रतिनिधिमूलक चरित्र हुन् । यी पात्रहरू सामन्तवादी सामाजिक संरचनाको सिकार भएका छन् । कथामा छापामार भूमिगत रूपमा नेपथ्यमा रहेको छ । कथाको पूर्वार्द्धमा समाख्याता तत्कालीन नेपाली समाजमा विद्यमान सामन्तवादी प्रवृतिका शासकको प्रतिनिधित्व गर्ने पात्र हो भने छापामार, उसकी श्रीमती र छोरो देशमा विद्यमान निरङ्कुश शासन सत्ताको विरोध गरी नयाँ पद्धतिलाई स्थापित गर्न चाहने पात्रको प्रतिनिधि पात्र हुन् । छापामार जनयुद्धमा सत्ताकेन्द्री शासकबाट रक्तबीजको संज्ञा पाएका सत्ताविरोधी लडाकुहरूको प्रतिनिधित्व गर्ने पात्र हो । ऊ वर्गभेदबाट समाजलाई मुक्ति दिलाउन चाहने पात्र हो । सत्ताविरोधी विद्रोही लडाकुको संज्ञा पाएको छापामार घरबार छाडेर जङ्गल पस्नु ,जनयुद्धमा रक्तबीजहरूको सन्देशवाहक बनेर जेल चलान भएकी उसकी श्रीमती र आमासँग जेल चलान भएको बच्चा छापामारको छोराको अवस्थाले उनीहरूको निम्नवर्गीय अवस्थालाई यसरी सङ्केत गरेको छ :

> उसको बाटुलो टाउको शरीरका अन्य अङ्गहरूको बढी विकसित भएको देखिन्छ । उसका हातखुट्टाहरू पनि बलिष्ठ प्रतीत हुन्छन् । उसले एउटा मैलो हाफ बुसर्ट र दुईपट्टि टालेको कट्टु लगाएको छ । उसका खुट्टाहरू नाङ्गा छन् तर बाक्ला छन् । घुँडा र कुहिनाको छाला झन् खस्रो देखिन्छ (ऐ.पृ ५१) ।

यस साक्ष्यले छापामारको छोराको न्यून आर्थिक अवस्थाको बोध गराएको छ । उसको शरीरलाई आवश्यक पोषण नपुग्नुका कारण उसको टाउको शरीरका अन्य अङ्गको तुलनामा बढेको छ । उसले टालेको कट्टु लगाउनु, उसको कुहिना र घुँडाको छाला खस्रो हुनु ,खुट्टा खाली हुनुले ,पनि वर्गीय सीमान्तीयतालाई सङ्केत गरेको छ । घरबार त्यागेर जङ्गल पसेको छापामार र उसकी श्रीमती पनि किनारीकृत वर्गका पात्र हुन्, उनीहरू समाजलाई यथास्थितिबाट परिवर्तन गराउन चाहने पात्र हुन् । समाज परिवर्तका लागि जङ्गल पसेका यी पात्र सत्ताको अधीनस्थताका कारण किनारामा पुर्याइएका छन् । उस्तै उस्तै उमेरको भएपनि समाख्याताको छोराको साइकल हुनु तर छापामारको छोराको नहुनुले पनि वर्गीय सीमान्तीयातालाई सङ्केत गरेको छ । यस अवस्थामा छापामारको छोरो निम्न वर्गको प्रतिनिधि हो भने साइकलको मालिक बनेको समाख्याताको छोरो उच्च वर्गको प्रतिनिधि हो । साइकल कुदाउने तीव्र रहरलाई पूरा गर्न प्रभुत्व वर्गको प्रतिनिधि पात्र सुरक्षा फौजको कमान्डरको छोराको साइकलले यस कथामा दोहोरो अर्थ प्रदान गरेको छ ।

कथामा समख्याता, सिपाही र अधिकृतको छोरा सत्ता र शक्ति हातमा लिएका उच्च वर्गका प्रतिनिधिमूलक तथा केन्द्रीकृत वर्गका पात्र हुन् । सुरक्षा कमाण्डरका छोराको साइकलले एकातिर सम्पन्न वर्गलाई सङ्केत गर्ने भाषिक कोड हो भने अर्कोतर्फ राज्य वा सत्ताको प्रतीक बनेर काम गरेको छ । समाख्याताको छापामारप्रतिको दृष्टिकोण उसकी श्रीमतीलाई कारवाहीका सन्दर्भमा आएको सोच र छोरामा बाबुको चरित्रलाई आरोप गर्नुले पनि अभिजात्य वर्गको बोध गराउँछ । कथामा समाख्याताका रूपमा उपस्थित सुरक्षा फौजको कमाण्डरले छापामारको छोराको अनुहारमा उसको क्रुरतालाई यसरी आरोप गरेका छन् :

यो छापामारको छोरो हो जसको बाबुको हातबाट मेरा थुप्रै सिपाहीहरू कालकवलित भएका छन् र थुप्रै चेलीहरू विधवा भएका छन् । तिनका टुहुरा छोराछोरीहरूको भविष्यअन्धकारमय भएको छ । म यस वास्तविकतालाई स्मरण गरेर आश्चर्यचकित हुन्छु कि मेरो आँगनमा खेलिरहेको यो बालक आलो रगतको आहालमा डुबेका हाम्रा मृत शरीरहरू देखेर अट्टाहास गर्ने बाबुको छोरो हो । सरकारी बर्दीले छोपिएको हाम्रो शरीरलाई जीवित देख्न नचाहने क्रुर आँखाको मालिक हो उसको बाबु (ऐ., पृ.५०) ।

यस साक्ष्यले जनयुद्धकालीन समयमा छापामार र सुरक्षा निकायका बीचको विपरीत ध्रुवमा रहेको शक्तिसम्बन्धलाई स्पष्ट पारेको छ । सुरक्षा कमाण्डरले बालपात्र छापामारको छोरोको अनुहारमा उसका बाबुका क्रियाकलाप आरोप गरी स्मरण गरेका छन् । यो पनि भोलि बाबुकै मार्गदर्शक हुनेहोला भनी अनुमान गरेका छन् । बाबु छापामार भयो भन्दैमा छोरालाई पनि त्यससँग सम्बन्धित व्यक्ति हो भनी उसलाई पनि हिंस्रक रक्तबीजको प्रतीकका रूपमा हेर्नुका कारण समाख्याताका रूपमा रहेको सुरक्षा कमाण्डर शासकको प्रतिनिधित्व गर्ने पात्र हुन् । छापामारको छोराका क्रियाकलाप र अनुहारले उनलाई पूर्वस्मृतिमा पुऱ्याएको छ । बाबुसँग दुश्मनी रहेको कमाण्डरले छोरामा बाबुको प्रतिरूप देख्नुले बालकप्रतिको अन्यायलाई सङ्केत गरेको छ । सरकारी बर्दी देखे निशाना बनाउने प्रतिनिधिको सन्तान हो भन्दै उप्रति नकारात्मक अवधारणा विकसित गर्नुले शक्तिको प्रभुत्वलाई सङ्केत गरेको छ । छोराको अनुहारमा बाबुको क्रूरता खोज्नुले बालकको अधीनस्थतालाई पुष्टि गरेको छ । यहाँ सुरक्षा फौजको कमाण्डरले दबाबका माध्यमबाट प्रभुत्व स्थापना गरेको छ । कथामा उसको भूमिका राज्य पक्षको प्रतिनिधि हो ।

**लैङ्गिक प्रतिनिधित्व**

प्रस्तुत कथामा लिङ्गीय दृष्टिले पुरूष पात्रहरूको आधिक्यता र प्रभुत्व रहेको छ । कथामा स्त्री चरित्रका रूपमा छापामारकी श्रीमती मात्र उपस्थित छ । समाख्याताले घरबार छोडेर राज्य परिवर्तनको युद्धमा लाग्दा थुनामा परेकी छापामारकी श्रीमतीलाई कुरतापूर्ण दृष्टिले हेरेको प्रसङ्गले सांस्कृतिक अध्ययनका दृष्टिबाट लैङ्गिक सीमान्तीयताको सङ्केत गरेको छ । कथामा समाख्याताले पितृसत्ताको पक्षपोषण यसरी गरेको छ : "उसलाई आफूलाई भन्दा पनि आफ्नो छोराको जीवनको चिन्ता छ । आफ्नो छापामार लोग्नेको वंश रक्षाका लागि अधैर्य देखिन्छे ऊ ।....छोराको भविष्यसमेत के हुने हो ?" (ऐ., पृ.५२) यस साक्ष्यले छापामारकी श्रीमतीले मातृस्नेहले भन्दा श्रीमान्को वंशको पिरले छटपटिएको र छोरालाई माया गरेको उल्लेख गरिएको छ । छोराबाट मात्र वंश रक्षाको अपेक्षा गर्नुले परम्परित पितृसत्तात्मक सामन्तवादी समाज व्यवस्थाको पृष्ठपोषण गर्न खोजिएको छ । छोरो हुनुको कारण उसप्रति माया र चिन्ता बढी रहेको अनुमान गर्नुले लेखकीय विचारधारा पितृसत्तातर्फ ढल्केको छ ।

त्यसैगरी युद्धबन्दीका रूपमा छापामारकी श्रीमती र उसको छोरा (बालपात्र) लाई राखिएको प्रसङ्गबाट पनि वर्गीय र लिङ्गीय सीमान्तीयतालाई बोध गर्न सकिन्छ । युद्धबन्दीका रूपमा रहेका यी आमा छोरालाई कमाण्डरले हेर्ने दृष्टिकोणबाट पनि लैङ्गिक सीमान्तीयताको अनुभूति भएको छ । जसको पुष्टि यस साक्ष्यबाट गर्न सकिन्छ - "मेरो हेराइमा क्रुरताको भाव पाएपछि छापामारकी स्वास्नी कैद

खानाभित्र उकुस मुकुस भएकी छ " (ऐ, पृ.५०) । यसरी छापामारकी श्रीमती हुनु र सन्देशवाहक हुनुका कारण थुनामा राखेर कस्तो कारवाही गर्ने होला भन्दै ऋुरताको दृष्टिले हेर्नुले पनि लैङ्गिक सीमान्तीयातालाई पुष्टि गरेको छ । यस अवस्थामा ऊ दोहोरो उत्पीडनमा परेकी छ ।

**लेखकीय विचारधारा**

यस कथामा लेखकीय विचारधारा तटस्थ रूपमा आउन सकेको छैन । यस कथामा समाख्याताले दस बर्षे जनयुद्ध र त्यसका क्रिया, प्रतिक्रियाद्वारा प्रभावित नेपाली समाज र मानसिकताको चित्रण गरेका छन् । लेखकले तत्कालीन नेपाली समाजमा आम जनताहरू युद्धभन्दा शान्तिप्रिय नै बनेर बाँच्न चाहेको, हत्या, हिंसा, काटमारबाट उन्मुक्ति खोजेको र आजका नाबालक भोलिका देशका भविष्य हिंसा/युद्धमा संलग्न नहोउन् भन्ने चाहना राष्ट्रको रहेको कुरालाई बढो उदात्त र आदर्श ढङ्गले प्रस्तुत गर्न खोजेका छन् तर लेखक निरपेक्ष हुन सकेका छैनन् । कथामा राज्यको एउटा विचारधारा छ, राज्यको विचारधारा अनुसार छापामार वा विद्रोही आतङ्ककारी नै हुन्, युद्ध गैरन्यायिक कार्य हो र यो दण्डनीय छ भन्ने धारणा आएको छ । यसलाई लेखकले यथावत रूपमा स्वीकार नगरे पनि युद्ध प्रयोजन वा मर्मलाई बुझ्न सकेका छैनन् र जनयुद्धको विद्रूपीकरण गरेका छन् । ऐतिहासिक आवश्यकताका आधारमा लेखकीय विचारधारा युद्धप्रति अनुदार रहेको कुरा तलको साक्ष्यबाट पुष्टि गर्न सकिन्छ :

> म यस वास्तविकतालाई स्मरण गरेर आश्चर्यचकित हुन्छु कि मेरो आँगनमा खेलिरहेको यो बालक आलो रगतमा डुबेका हाम्रा मृत शरीरहरू देखेर अट्टाहास गर्ने बाबुको छोरो हो । सरकारी बर्दीले छोपिएको हाम्रो शरीरलाई जीवित देख्न नचाहने ऋुर आँखाको मालिक हो उसको बाबु ( पृ.५०) ।

प्रस्तुत साक्ष्यबाट लेखकीय अभिमत व्यक्त भएको छ । यस अभिमतले युद्ध हिंस्रक हो र यसबाट क्षति मात्र हुन्छ भन्ने कुरा पुष्टि गरेको छ । राज्य पक्षले युद्ध बेठीक, हिंस्रक र दण्डनीय छ भन्ने कुरालाई अभिव्यक्त गरेको छ, यो आवश्यक छैन नेपाली समाजका सन्दर्भमा यस्ता रक्तपातपूर्ण क्रियाकलापहरू न्यायपूर्ण छैनन् भन्दै युद्ध र युद्धमा सहभागीहरूलाई हेर्ने दृष्टिकोण फरक रहेको छ । श्रीमान् छापामार भएपछि श्रीमती र छोरापनि विद्रोही वा हिंस्रक नै हुन्छन् भन्ने हुँदैन तर यस कथामा समाख्याताले छापामारको नाबालक छोराको अनुहारमा हिंसात्मक प्रवृति देखेर उसको बाल सुलभ ऋीडा, क्रियाकलाप र व्यवहारलाई यसरी विद्रूपीकरण गरेका छन्-"यो छापामारको छोरो पनि भोलि ठूलो भयो भने आफ्ना बाबुको पद चिह्न पछ्याउँदै हाम्रा टाउकाहरू उछिट्याउनमा किञ्चित पनि अबेर गर्ने छैन"(ऐ., पृ.५०) । प्रस्तुत साक्ष्यले छापामारको छोरो भोलि छापामार नै हुन्छ र बाबुले जस्तै बन्दुक बोकेर हिड्छ, बम पड्काउँछ, युद्धमा सरिक भई देश मास्ने, भएका संरचना भत्काउने, सरकारको बर्दी लगाएका सुरक्षाकर्मीहरूलाई देख्नसाथ मारिहाल्ने हिस्रक र आतङ्कारी हन्छ भन्ने मनोभाव व्यक्त गरेको छ । प्रस्तुत साक्ष्यमा समाख्याताको मुख पात्र सुरक्षा कमाण्डरले भोलि छापामारका छोराले पनि बाबुका पदचाप पछ्याउँदै जाँदा रहेको छ । समाख्याताले कथाको अन्त्यतिर राष्ट्रको विचार भन्दा अलि उदार मानवतावादी र समन्वयात्मक दृष्टिकोण राखेका छन् । प्रहरीको छोरा र छापामारको छोरा दुई वर्गका

प्रतिनिधिमूलक पात्रका अनुहारमा समान निश्छलता अवलोकन गरेको कुरा समाख्याताले यसरी प्रस्तुत गरेका छन् :

> मैले उसको आँखामा हेरेँ । उसले पनि बालसुलभ जिज्ञासाले मेरा आँखामा हेर्यो । आफ्नो अबोध आँखाले मेरो अनुहार स्पर्श गर्दै ऊ खितखित हाँस्यो । उसको कञ्चन मुस्कानमा मैले उसको छापामार बाबुको बीभत्स अट्टाहासको कल्पना गर्न सकिनँ । ऊ मुस्कुराइरह्यो । मैले उसको मुस्कानमा आफ्नो छोराको मुस्कान साटिएको देखेँ (ऐ.,पृ.५१) ।

प्रस्तुत साक्ष्यमा राज्य पक्षको प्रतिनिधि सुरक्षा कमाण्डरको उदारवादी दृष्टिकोण अभिव्यक्त भएको छ । छापामारको छोराको अनुहारमा छापामारको प्रतिबिम्ब देख्ने समाख्याताको दृष्टिकोणमा परिवर्तन देखिएको छ । अब उसले छापामारको छोराको मुस्कानमा आफ्ना छोराको मुस्कान भेट्न थालेको छ । छापामारको छोरालाई हेर्ने मानसिकतामा परिवर्तन आएको छ । लेखकको मुख पात्र र राज्य पक्षको प्रतिनिधिका रूपमा उपस्थित सुरक्षा कमाण्डरले अब मिलेर राज्य संचालन गर्नुपर्छ भन्ने आदर्शवादी सन्देश दिएको छ । अब दुई पक्ष एकआपसमा लडेर होइन मिलेर गतिशील हुनुपर्छ भन्ने तत्त्व मीमांसालाई साइकललाई प्रतीक बनाई प्रस्तुत गरेका छन् । यस सन्दर्भमा दुबैले मिलेर साइकल चलाउनु पर्छ भन्दै युद्धले ग्रस्त राष्ट्रलाई अब सहअस्तित्व, समन्वयात्मक र समावेशी ढङ्गले सिर्जनशील बनाउँदै संचालन गर्नु पर्छ भन्ने विषयलाई आदर्शवादी ढङ्गले यसरी प्रस्तुत गरेका छन् :

> "यो मेरो साइकल हो ।"मेरो छोरो चिच्याइरहेको छ । छापामारको छोरो पनि साइकलको ह्याडिल समातेर आफूतिर तानिरहेछ "यो साइकल म चलाउँछु ।" म भर्खरै आफूले तन्द्रामा अनुभूत गरेको आफू र छापामार बीचको युद्धको स्मरण गर्दै विपनामा दुई बालक बीच साइकलका लागि भइरहेको द्वन्द्वले साइकलको नै क्षति हुने सम्भावना देखेर गम्भीर हुन थाल्छु । म आफ्नो छोरालाई सम्बोधन गर्दै जोडले भन्छु । साथीलाई पनि साइकल चलाउन देऊ बाबू तिमीहरू झगडा नगर दुबै जना मिलेर बस (पृ. ५१ ) ।

प्रस्तुत साक्ष्यमा समाख्याताले पुलिस र छापामारको छोरालाई अन्ततः आलोपालो साइकल चलाउन सल्लाह दिंदै वर्गीय स्थितिबाट माथि उठेर शासन चलाउनु पर्ने कुरा व्यक्त गरेका छन् । यहाँ साइकललाई राज्यको प्रतीकका रूपमा उपस्थित गराई मिल्नुको विकल्प नरहेको ज्ञान मीमांसीय अवधारणा प्रस्तुत भएको छ । कथामा यही नै लेखकीय विचारधाराका रूपमा अभिव्यक्त भएको छ । यहाँ समाख्याताको आदर्शवादी दृष्टिलाई पृष्ठपोषणको लागि छापामारकी श्रीमती र छोरालाई दोषमुक्त देखाई गाउँ फर्काइएको छ । समाख्याताले दिग्भ्रमित समय र विकृत परिस्थितिले उनीहरू आतङ्ककारी क्रियाकलाप सिक्न बाध्य भएको विषयलाई यसरी उल्लेख गरेका छन् :

> छापामारको छोरो मच्चिईमच्चिई साइकल कुदाइरहेको छ र म उसलाई हेर्दै सोचिरहेको छु । यसै गरी केही दिन यस बालकले साइकल चलाउन पाउने हो भने उसले आफ्नो बाबुबाट सिकेको घस्रिने ,पस्रिने र आड लिएर निहत्थामाथि बम फालेको अभिनय गर्दै 'मर्योमर्यो' भनेर कराउँदै मनोरञ्जन लिने बालचरित्र विरूद्धका बानीहरूलाई त्याग्ने छ । मलाई बल्ल अनुभूत हुन्छ - छापामारको छोराले आफ्ना बाबुबाट जन्मजात रूपमा ग्रहण गरेका अवगुणहरू होइनन्

> यी । यी त दिग्भ्रमित समय र विकृत परिस्थितिले उसलाई ग्रहण गर्न बाध्य पारिएका मानवीय सिकाइहरू हुन् (पृ.५४) ।

प्रस्तुत साक्ष्यमा समावेशी मान्यतानुसार आलोपालो गरी राज्य सञ्चालन गर्नुपर्छ भन्ने अवधारणा प्रस्तुत भएको छ । उपर्युक्त अभिव्यक्तिले राज्यसत्ताले केन्द्र र किनाराको अवस्था सिर्जना गर्नु हुँदैन । अवसर नपाउँदा छापामारको छोराले गरेका गतिविधि र अवसर पाउँदाको अवस्थाका गतिविधिलाई विश्लेषण गर्दा युद्ध आवश्यक नभएको अनुभूति कमाण्डरले गरेको छ । लेखकको आदर्शवादी विचारलाई अभिव्यक्त गर्ने क्रममा समाख्याताले छापामारको छोराले गरेका छापामारका क्रियाकलाप समय र परिस्थितिका उपज हुन्, वास्तवमा उनीहरू दोषी होइनन् भन्ने मनस्थितिमा पुगेको उल्लेख गरेका छन् तापनि लेखकले उनीहरूलाई यो हिंसा प्रतिहिंसाबाट मुक्त गराउन भने सकेका छैनन् । त्यसैले यस कथामा लेखकीय विचारधारा युद्ध हिंस्रक र रक्तपातपूर्ण क्रिया मात्र हो ,यो आवश्यक छैन भन्ने विचारधाराको संवाहक बनेर आएको छ । उनले अप्रत्यक्ष्य रूपमा सत्ता वा राज्यको सापेक्षतामा आफ्नो विचारधारा अभिव्यक्त गरेका छन् र प्रभुत्वलाई पोषण गरेका छन् ,तटस्थ हुन सकेका छैनन् । उनको भावाभिव्यक्ति विद्रोही छापामार र प्रतिविद्रोही सिपाहीको चित्रणमा तटस्थ हुन सकेको छैन । राज्य पक्षका प्रतिनिधि कमाण्डरले कथामा युद्धको प्रयोजनका बारेमा चिन्तन गर्न सकेका छैनन् । उनले कथामा आदर्शवादी विचारधारा व्यक्त गरी युद्धलाई विद्रूपीकरण गरेका छन् ।

**छापामारको छोरो कथामा प्रभुत्व**

समाज गतिशील छ । समाज विकासको सिद्धान्त अनुसार समाजमा शासक वर्गले अधीनस्थ वर्गमाथि आफ्नो प्रभुत्व कायम गरी राखेको हुन्छ । समयको चक्र अनुसार यो फेरबदल भइरहन्छ । प्रभुत्वले एक समूहले अर्को समूहमाथि गर्ने नियन्त्रण वा शासनलाई बुझाउँछ । ग्राम्चीका अनुसार प्रभुत्व दबाबद्वारा अझ बढी सहमतिद्वारा आर्जन गरिन्छ । विचार ,अर्थ र अभ्यासहरूमा प्रभुत्वलाई बुझ्न सकिन्छ । प्रस्तुत छापामारको छोरो कथामा छापामारका छोराका क्रियाकलापले राज्य सत्ताको प्रतिनिधित्व गर्ने समाख्याताले आरम्भमा दबाबद्वारा प्रभुत्व कायम गर्न सोच राखेको छ । उसले छोरो पनि बाउ जस्तै हुन्छ कि भनी आशंका व्यक्त गरको छ ।उसले छोराको अनुहारमा बाबुको क्रुरता यसरी खोजेको छ :

> मेरा आँखामा अहिले कुरता झल्किरहेको छ ,उसको छापामार बाबुले दिएको मानसिक पीडाबाट सिर्जित क्रुरता । उसको बालशरीरमा म आफ्ना दृष्टिहरू रोप्न थाल्दछु ,यो सोच्दै कि यसको बाबुले मलाई निहत्था फेला पार्यो भने ब्वाँसाले मृगलाई खेद्दै, छोप्दै, टोक्दै, लुछ्दै अन्त्यमा खेलाइखेलाइ मारेर आफ्नो सिकार बनाए जस्तै बनाउन रत्तिभर पनि आफ्नो मन डगमग पार्ने छैन । यो छापामारको छोरो पनि भोलि ठूलो भयो भने आफ्नो बाबुको पदचिन्ह पछ्याउँदै हाम्रा टाउकाहरू उछिट्उन किञ्चित पनि अबेर गर्ने छैन (ऐ.पृ.५०) ।

यस साक्ष्यले समाख्याताले दबाबद्वारा प्रभुत्व स्थापित गरेको पुष्टि गरेको छ । छापामारले दिएको मानसिक पीडाले उसमा कुरता उत्पन्न भएको छ । उसले छोरामा बाबुको गुणको प्रत्यारोप गरेको छ । यहाँ आशङ्काका आधारमा छापामारको चरित्रलाई हत्यारामा रूपान्तरण गरिएको छ ,युद्धकालीन

परिवेशमा सिर्जना गरिएको यस कथामा समाख्याताले छोराले पनि बाबुको बाटो पछ्याउँछ भनी उसको चरित्रको विद्रूपीकरण गरेको छ । यसरी छोरो पनि भोलि बाबुकै मार्गमा गतिशील हुन्छ भन्नु र उनीहरूप्रति क्रुरता व्यक्त गर्नुले दबाबका माध्यमबाट प्रभुत्व स्थापित भएको छ । कथानकको गतिक्रमसँगै कथानकको उत्तरार्द्धमा सुरक्षा फौजको कमाण्डरले आफ्नो छोराको निश्चलता र उसका क्रियाकलापमा फरक नपाएको भावानुभूति व्यक्त गरेका छन् । यस सन्दर्भमा कमाण्डरले आफ्नो छोरालाई सम्बोधन गर्दै सहमतीय आधारमा प्रभुत्वलाई यसरी स्थापित गर्न खोजेको छ : "म आफ्नो छोरालाई सम्बोधन गर्दै जोडले भन्छु ,साथीलाई पनि साइकल चलाउन देऊ बाबू ! तिमीहरू झगडा नगर ,दुवैजना मिलेर खेल । " (ऐ.,पृ.,५३) यस साक्ष्यले प्रतीकात्मक अर्थ अभिव्यञ्जित गरेको छ । यहाँ छापामारको छोराको साइकल नपाउँदाको अवस्था र पाइसकेपछिको अवस्थालाई विश्लेषण गरी समाख्याताले यी भाव व्यक्त गरेको छ । यहाँ सत्ताको खेलमा केन्द्र र किनाराको अवस्था सिर्जना गरेर होइन, समावेशी र समन्यायिक दृष्टिबाट गतिशील हुनुपर्छ भन्ने भावानुभूति अभिव्यक्त भएको छ । यस अभिव्यक्तिले आलोपालो गरी मिलेर सत्ता सञ्चालन गर्दा यस्ता क्रुरता,हत्या, हिंसाजस्ता युद्धजनित क्रियाकलापको अन्त्य हुने सङ्केत गरिएको छ ।

प्रस्तुत कथामा आफ्नो दमनकारी प्रभुत्वलाई परिवर्तन गर्दै सहमतीय आधारमा प्रभुत्व स्थापित गरिएको छ । समाख्याताले मेरो छोराको अनुहार झैं उसको अनुहार पनि मायालु लागिरहेको छ मलाई भन्छ र उसले बल्ल अनुभूत गर्छ र भन्छ : "छापामारको छोरोले आफ्नो बाबुबाट जन्मजात रूपमा ग्रहण गरेका अवगुणहरू होइनन् यी । यी त दिग्भ्रमित समय र विकृत परिस्थितिले उसलाई ग्रहण गर्न बाध्य पारिएका मानवीय सिकाइहरू हुन्" (ऐ., पृ.५४) । प्रस्तुत साक्ष्यमा समाख्याताले कथाको अन्त्यमा सत्ता/राज्य पक्षको तर्फबाट युद्ध/विद्रोहलाई गैरकानुनी, ,अनावश्यक र छापामार/विद्रोही रक्तपिपासु हुन् भन्ने धारणालाई पुष्टि गरी आदर्शवादी बन्दै सहमतीय आधारमा प्रभुत्व स्थापना गर्न खोजेको छ । छापामाराको छोराका यी क्रियाकलाप बाबुबाट जन्मजात रूपमा हस्तान्तरण भएका होइनन्, समय, सन्दर्भ र परिस्थितिले सिक्न बाध्य बनाएका स्वाभाविक विषयका रूपमा उल्लेख गरी सहमतीका आधारमा प्रभुत्व स्थापना भएको छ ।

## निष्कर्ष

छापामारको छोरो कथामा नेपालमा एक दशकको सशस्त्र द्वन्द्वले नेपाली धर्तीलाई रक्तरञ्जित पारेको कुरालाई केन्द्रमा राखेर त्यसले जनतालाई दिएको पीडा, भय र क्षतिको कुरा उल्लेख गर्दै रक्तबीज जस्ता छापामार क्रुरताका प्रतीक हुन् ,हिंसा र हत्याका प्रतिबिम्ब हुन् भन्दै सत्ताको प्रभुत्वलाई स्थापित गर्न खोजिएको छ । यस कथामा तत्कालीन सामन्तवादी नेपाली समाजलाई विद्रोहका माध्यमबाट सामाजिक रूपान्तरण गराउने उद्देश्यले जनयुद्धको थालनी भएको अवस्थामा राज्य पक्षले त्यो विद्रोहलाई विद्रूपीकरण गरेको निष्कर्ष निकालिएको छ । युद्धमा संलग्न छापामार र तिनका क्रियाकलापलाई रक्त पिपासुको संज्ञा दिएको सन्दर्भमा राज्य पक्षका सुरक्षा कर्मीका मनमा उब्जिएका नकारात्मक मानोभावलाई प्रस्तुत गरेको छ । कथामा शाषक र शासित दुबै वर्गको प्रतिनिधित्व रहेको छ । शासित वर्गको प्रतिनिधित्व गर्ने पात्रमध्ये छापामारकी श्रीमती वर्गीय, जातीय र लिङ्गीय सबै प्रकारको उत्पीडन

भोग्ने विद्रोहीको प्रतिनिधित्व गरेकी छ तापनि राज्य पक्षले कथान्तमा उसलाई थुनामुक्त गरी सहमतीय आधारमा प्रभुत्व स्थापित गरेको छ । कथामा किनारीकृत भौगोलिक परिवेशलाई चित्रण गरी लेखकीय विचारधारा युद्धको विरूद्धमा रहेको अर्थको उत्पादन गरेका छन् । सांस्कृतिक अध्ययनको दृष्टिबाट हेर्दा लेखकले मुख पात्रका रूपमा समाख्याता म पात्रलाई उपस्थित गराई ती पात्रलाई परम्परित बुद्धिजीवीका रूपमा स्थापित गरेका छन् । छापामारकी श्रीमती र सानो बच्चालाई युद्ध बन्दीका रूपमा प्रयोग गरिएको यस कथामा समाख्याताले मानवता र आदर्शका कुराहरू गरेपनि तटस्थ हुन भने सकेका छैनन् । तत्कालीन नेपाली समाजमा युद्ध, हिंसा, काटमार नगरे हुन्थ्यो ,साइकल मिलेर चलाएजस्तै राज्य पनि मिलेर चलाए हुन्थ्यो भन्ने भावानुभूतिका माध्यमबाट साइकललाई सङ्केत बनाएर प्रस्तुत गरेका छन् । यसरी उदार बनेका श्रष्टाले छापामारकी श्रीमती र छोरालाई थुनामुक्त गरेको कुरा उल्लेख गर्दै युद्धबाट टाढा भई मिलेर बस्ने र शासन सत्ता मिलेर चलाउने कुरालाई साइकललाई बिम्ब बनाएर प्रस्तुत गरेका छन् । उनले कसैले पनि युद्धको पीडालाई झेल्न नपरोस् भन्ने मान्यता रहेको कुरा भूमिकामा उल्लेख गरे पनि कथामा प्रभुत्वशाली अर्थको निर्माण गरेका छन् । समाख्याताले कथान्तमा आदर्शवादी विचार व्यक्त गरे पनि उनले विद्रोह र विद्रोहीमा क्रुरता र विभत्सता मात्र देख्नुले लेखकीय विचारधारा तटस्थ हुन नसकेको पुष्टि हन्छ । यसरी यस कथामा समाख्याताले जतिसुकै तटस्थताका कुराहरू गरेपनि ज्ञानको उत्पादनमा प्रयोग गरिएका कोडहरूलाई हेर्दा प्रभुत्वशाली अर्थको निर्माण गरेका छ ।

## सन्दर्भ ग्रन्थसूची


उप्रेती, सञ्जीव (२०६८/२०६९). *सिद्धान्तका कुरा,* अक्षर क्रिएसन्स नेपाल ।

एटम, नेत्र (२०७४) . *संङ्क्षिप्त साहित्यिक शब्दकोश,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गिरी, अमर (२०७०) .'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा'.भृकुटी पूर्णाङ्क १९, पृ. १४-४६।

पाण्डये, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त ( २०७० ). 'संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद', *भृकुटी* पूर्णाङ्क १९, पृ. १४-४६ ।

बराल ऋषिराज ( २०७३ ) . *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* साझा प्रकाशन ।

भट्टराई, गोविन्द ( २०७१ ) . *उत्तरआधुनिक विमर्श* (दोस्रो संस्क.), ओरिएन्टल पब्लिकेशन ।

भट्टराई. रमेशप्रसाद ( २०७० ). 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू'. *भृकुटी* पूर्णाङ्क १९, पृ.१४-४६।

भट्टराई. रमेशप्रसाद (२०७७ ) . *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त* र *नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज ( २०७८ ). *समालोचनाका नयाँ कोण,* ओरिएन्टल पब्लिकेसन हाउस ।

शाह, महेशविक्रम (२०६४). *छापामारको छोरो,* साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम ( २०७० ). *नेपाली कथा र कथाकार,*नेपाल प्रज्ञाप्रतिष्ठान ।

Barkar, C. (2008). Cultural studies : theiry & pritices, Sage publication

Hall, S. (1997). Cultural representation & signified praticies, Sage publication.